# विश्वविद्यालय अनुदान आयोग
## शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्
## गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखाको
## जरुरी सूचना

२०७८/०६/२२

विश्वविद्यालय अनुदान आयोग, शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को मिति २०७८/०५/२५ मा बसेको बैठकले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रकृयामा उच्च शैक्षिक संस्थाहरुको सहभागिता सम्बन्धमा तपसील बमोजिम निर्णयहरु गरेकाले आवश्यक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसील</u>

**१. आशय पत्र पेश गर्दा लाग्ने शुल्क सम्बन्धमा:**

क. पहिलोपल्ट आशय पत्र पेश गर्दा रु. २०००/- दर्ता शुल्क लाग्नेछ । पेश गरिएको कागजातहरु अपूर्ण भए वा रीतपूर्वक पेश नभएको पाइएमा त्यस्तो आशय पत्र महाशाखाले खारेज गर्न सक्नेछ । यसरी आशयपत्र खारेज भएको अवस्थामा दर्ता शुल्क फिर्ता हुनेछैन ।

ख. आशय पत्र स्वीकृत भएको मितिले एक वर्ष भित्रमा सम्बन्धित उच्च शैक्षिक संस्थाले स्वअध्ययन प्रतिवेदन महाशाखामा पेश गरिसक्नुपर्ने छ । कारणवश: स्वअध्ययन प्रतिवेदन बुझाउन थप समय आवश्यक पर्ने भएमा कारण खुलाएर महाशाखामा निवेदन दिनुपर्नेछ ।

ग. प्राप्त निवेदन उपर गुणस्तर सुनिश्चिता तथा प्रत्यायन महाशाखाको निर्देशक वा तोकिएको अधिकारीले अध्ययन गरी बढीमा ६ महिनाको लागि समय थप स्वीकृत गर्न सक्नेछ । यस्तो अवस्थामा थप शुल्क लाग्नेछैन ।

**२. आशय पत्र नवीकरण गर्दा लाग्ने शुल्क सम्बन्धमा:**

क. आशय पत्र पेश गरेको एक वर्ष ६ महिना पूरा भएका तर स्वअध्ययन प्रतिवेदन पेश गर्न असमर्थ भएका उच्च शैक्षिक संस्थाहरु पून: गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रकृयामा सहभागि हुन चाहेमा आशय पत्र नविकरणका लागि महाशाखामा निर्धारित कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

ख. यसरी म्याद नाघेको आशय पत्र नवीकरणका लागि रु. १०,०००/- शुल्क लाग्नेछ ।

ग. आशय पत्र नवीकरण भई स्वीकृत भएको अधिकतम एक वर्ष भित्र पनि स्वअध्ययन प्रतिवेदन पेश गर्न असमर्थ भएमा पून: रु. १०,०००/- बुझाई आशय पत्र नवीकरणका लागि आवेदन पेश गर्नुपर्नेछ । ततपश्चात् पनि स्वअध्ययन प्रतिवेदन पेश गर्न असमर्थ भएमा सोही प्रकृया निरन्तर हुनेछ ।

**३. निर्धारण गरिएको समयावधि पार गरेका उच्च शैक्षिक संस्थाहरुको सम्बन्धमा:**

क. सूचना प्रकाशित भएको मितिलाई आधार मानी हाल गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रकृयामा सहभागिताका लागि आशय पत्र स्वीकृत भएका तर अधिकतम एक वर्ष ६ महिनासम्म पनि स्वअध्ययन प्रतिवेदन पेश गर्न असमर्थ उच्च शैक्षिक संस्थाहरुले प्रक्रियामा सहभागिता निरन्तरताको लागि नविकरण शुल्क (रु. १०,०००/-) र निर्धारित कागजात सहित पून: आशय पत्र पेश गर्नुपर्नेछ ।

ख. भाद्र ४, २०७८ को सूचना अनुसार निर्धारित शुल्क बुझाई यस सूचना प्रकाशित भएको मितिसम्म आशयत्र नविकरण गरी स्वीकृत भईसकेका उच्च शैक्षिक संस्थाहरुको हकमा स्वअध्ययन प्रतिवेदन बुझाउने अधिकतम समयावधी आशय पत्र नविकरण स्वीकृत भएको मितिबाट गणना हुने गरी एक वर्ष ६ महिना निर्धारण गर्ने ।

उपरोक्त सम्बन्धमा थप जानकारी आवश्यक भएमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।


विश्वविद्यालय अनुदान आयोग
शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्
गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखा
सम्पर्क : ०१-६६३८५४८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१
ईमेल : qaad@ugcnepal.edu.np
वेवसाईट: www ugcnepal.edu.np